निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन इ-बुलेटिन

• वर्ष १ • अङ्क १० • २०७९ वैशाख १० गते शनिबार (April 23, 2022)

२० दिन बाँकी

**स्थानीय तह सदस्य निर्वाचन, २०७९**

## वैशाख ११ र १२ गते उम्मेदवारको मनोनयन दर्ता

### मनोनयनपत्र दर्ता गर्न जाँदा निर्वाचन आचारसंहिता पालना गर्न अपिल




**काठमाडौं-** निर्वाचन आयोगले यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्यको निर्वाचनको सबै तयारी निर्वाचन कार्यतालिका बमोजिम व्यवस्थित र प्रभावकारी ढंगले भइरहेको जनाएको छ ।

मुलुकका ७५३ वटै स्थानीय तहहरूमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको कार्यालय स्थापना भई कार्य संचालन र मतदानकेन्द्रमा प्रयोग हुने सामग्री पठाउने कार्य निरन्तर भरहेको आयोगले आज आयोजना गरेको विशेष पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियासहित सबै आयुक्तहरूको उपस्थितिमा भएको पत्रकार भेटघाटमा आयोगले गत चैत ४ मा स्वीकृत गरेको निर्वाचन कार्यक्रम अनुसार यही वैशाख ११ र १२ गते दुई दिन उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, वैशाख १२ गते मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, वैशाख १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने तय गरिएको जनाएको छ ।

वैशाख १४ र १५ गते मनोनयनपत्र जाँच गर्ने तथा उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

तोकिएको समयमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा तोकिए बमोजिमको प्रकृया पूरा गरी उम्मेदवारको मनोनयन दर्ता गर्न सक्ने भएकोले यसबाट उम्मेदवारको मनोनयन दर्ता प्रक्रिया सहज, सरल र शान्तिपूर्ण रूपमा समयमा नै सम्पन्न हुने विश्वास आयोगले लिएको छ ।

(बाँकी पृष्ठ २)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
**दिनेश कुमार थपलिया**



निर्वाचन आयुक्त
**इश्वरीप्रसाद पौड्याल**




निर्वाचन आयुक्त
**रामप्रसाद भण्डारी**



निर्वाचन आयुक्त
**डा. जानकी कुमारी तुलाधर**



निर्वाचन आयुक्त
**सगुन शम्सेर ज. ब. रा.**



सचिव
**गोकर्णमणि दुवाडी**

# वैशाख ११ र १२ गते ...

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गर्नुभएको विज्ञप्तिमा निर्वाचनमा चुन्ने र चुनिन पाउने नागरिक अधिकारलाई उच्च सम्मान गर्दै स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा आ-आफ्नो मनोनयनपत्र दर्ता गर्ने आम नागरिकको नैसर्गिक अधिकार सुनिश्चित गर्न आयोग सँधै प्रतिबद्ध रहेको जनाइएको छ । कानूनले तोकेको योग्यता पुरा गर्ने सबै मतदाताले आफूले चाहेको पदमा उम्मेदवारी दिनसक्ने वातावरणको सृजना गरिदिन आयोग सबै राजनीतिक दल, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, स्थानीय प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, आम संचार क्षेत्रलगायत सम्बन्धित सबै सरोकारवालामा आयोगले आग्रह गरिएको छ ।

नेपालको संविधानले निर्वाचनमा लैङ्गिक तथा समावेशी सिद्धान्तलाई आत्मसाथ गरी निर्वाचनका सबै पदहरुमा समावेशी प्रतिनिधित्व हुनुपर्ने व्यवस्था अनुरुप आयोगले यसअघि नै निर्वाचनमा भाग लिने सबै राजनीतिक दलहरुलाई १७ बुँदे निर्देशन समेत जारी गरिसकेकाले निर्वाचनमा मुलुकको सामाजिक विविधता प्रतिविम्बित हुनेगरी सहभागिता र प्रतिनिधित्वका लागि वैशाख ११ र १२ गते हुने उम्मेदवारको मनोनयनदर्ता गर्दा नेपालको संविधानको धारा ३८ को उपधारा (४) मा भएको राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने तथा धारा ४२ को सामाजिक न्यायको हक कार्यान्वयनमा विशेष संवेदनशील हुन आग्रह गर्दै यो निर्वाचन महिला एवम् समावेशी सहभागिता र प्रतिनिधित्वको दृष्टिले उल्लेखनीय हुने विश्वास आयोगको रहेको छ ।

'स्थानीय तहका सदस्यको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मितव्ययी बनाउने विशेष जिम्मेवारी निर्वाचनमा भाग लिने राजनीतिक दल तथा उम्मेदवारको हुन्छ भन्ने कुरा निर्विवाद छ ।' विज्ञप्तिमा भनिएको छ, 'आयोगले जारी गरेको निर्वाचन आचार संहिता, २०७८ र ६० बुँदे निर्देशन प्रति पूर्ण प्रतिबद्धता जनाएका राजनीतिक दलका उम्मेदवारले यसको अक्षरशः पालना गर्नेमा आयोग विश्वस्त रहेको छ ।'

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनका बेला गर्न पाउने र नपाउने कार्यहरु स्पष्टरुपमा उल्लेख गरिएका छन् । आचार संहिता विपरित हुनेगरी कुनै स्थानमा कुनै दलको झण्डा वा चिन्ह राखिएको भए सम्बन्धित दलले तत्काल हटाउन, राजनीतिक दल वा उम्मेदवारबाट हुने कुनै पनि आमसभा, जुलुस, र्‍याली भेला, बैठक, घरदैलो, उम्मेदवारी दर्ता कार्यक्रम आदिमा र निर्वाचन अधिकृतको अनुमतिमा उम्मेदवारले प्रयोग गर्ने सवारी साधनमा ३x३ फिट साइजको दलको एउटा झण्डा र एउटा चुनाव चिन्ह तथा उम्मेदवारको पहिचान खुलेको एफोर साइजको एक रङ्गमा छापिएको विवरण बाहेक अन्य कुनै सामग्री प्रयोग नगर्न नगराउन स्मरण गराउँदै उम्मेदवारी दर्ता भएपछि यस्ता चिन्ह भेटिएमा उम्मेदवारले राखेको ठानी आचार संहिताको उल्लघंन भएको कसूरमा दलको उम्मेदवारलाई कारवाही हुने भएकोले सचेत रहन आयोगले भनेको छ ।

जुलुश, आमसभा, र्‍याली, बैठक आदिमा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले आचार संहिताले तोकेको भन्दा विपरित हुनगरी सम्बन्धित दलको निर्वाचन चिन्ह वा झण्डा अंकित लागो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाएमा वा झोला बोकेमा सम्बन्धित व्यक्ति नै कारवाहीको भागीदार हुने भएको हुँदा यस्तो कार्यबाट सजग रहन आयोगले सबै मतदातामा अनुरोध गरेको छ ।

उम्मेदवारीका लागि मनोनयनपत्र दर्ता गर्न जाँदा निर्वाचन आचारसंहिताले तोके बमोजिमको आचरण पालना गरिदिन आयोग सबैमा हार्दिक अपिल गर्दछ । यदि आचार संहिता विपरीत कार्यहरू भए गरेको पाइएमा आयोगले कानून बमोजिम कारवाही हुने र यसबाट उम्मेदवारको उम्मेदवारी प्रक्रियामा नै गम्भीर असर पर्न सक्ने हुँदा समयमा नै सचेत रहन उम्मेदवार हुन चाहने सबै मतदातामा आयोगले जानकारी गराएको छ ।

# उम्मेदवार दर्ताका लागि समय निर्धारण

**काठमाडौं-** निर्वाचन आयोगले आसन्न स्थानीय तह सदस्यको निर्वाचनका लागि यही वैशाख ११ र १२ गते दुबै दिन बिहान १०:०० बजे देखि १७:०० बजेसम्मका लागि समय निर्धारण गरेको छ ।

विगतको स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन दर्ताको कार्यक्रम एक दिन रहेको र एक दिनमा मनोनयन दर्ता गर्दा उम्मेदवार, राजनीतिक दल, निर्वाचन अधिकृतको कार्यालय समेतले कार्य चाप धान्न कठिन भएको अनुभवसमेतका आधारमा यय पटक दुई दिन समय दिइएको आयोगले जनाएको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा आज जारी विज्ञप्तिमा केही स्थानीय तहको उम्मेदवारी दर्ता भोलिपल्ट बिहानसम्म गर्नु परेकोले निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारको मनोनयन दर्ता गर्ने दिन उम्मेदवारको सूची प्रकाशन गर्न नसकिएको सन्दर्भमा दुई दिनको समय दिन उपयुक्त हुने भन्ने राजनीतिक दल तथा अन्य सरोकारवालाबाट आयोगलाई सुझाव प्राप्त भएको आधारमा स्थानीय सदस्य निर्वाचन, २०७९ मा मनोनयन दर्ताको कार्यक्रम दुई दिन राखिएको स्पष्ट गरिएको छ ।


**तो दुई दिनको समयमा आफ्नो अनुकूल समय मिलाई सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा गई उम्मेदवारहरूले आ-आफ्नो मनोनयन दर्ता गर्न आयोगले आग्रह गरेको छ ।**

ती दुई दिनको समयमा आफ्नो अनुकूल समय मिलाई सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा गई उम्मेदवारहरूले आ-आफ्नो मनोनयन दर्ता गर्न आयोगले आग्रह गरेको छ ।

आयोगले कतिपय स्थानमा राजनीतिक दलका उम्मेदवारलाई गोला प्रथाद्वारा उम्मेदवार मनोनयन दर्ता गर्ने दिन तोकिएको भन्ने सूचना आयोगमा प्राप्त भएको हुँदा यस विषयमा आयोगको गम्भीर ध्यानाकर्षण भएको पनि जनाएको छ ।

उपलब्ध गराएको मनोनयन दर्ताको समयमा मनोनयन दर्ता कार्यलाई सु-व्यवस्थित र शान्तिपूर्ण ढंगले सम्पादन हुने गरी सहयोग पुऱ्याउनु हुन तथा कानून बमोजिमको योग्यता पुगेका सबै नागरिकको स्थानीय तह सदस्य निर्वाचनमा उम्मेदवार बन्न पाउने नैसर्गिक अधिकारमाथि कहिँ कतैबाट कुनै अवरोध आउन नदिन र निर्धारित दुई दिन मध्ये कुनै दिन दल वा स्वतन्त्र उम्मेदवारको मनोनयन दर्ता हुन आएको खण्डमा सोही दिन उम्मेदवारको मनोनयन दर्ता गर्ने व्यवस्था मिलाउन मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयलाई जानकारी गराइन्छ ।' विज्ञप्तिमा भनिएको छ ।

## प्रदेशअनुसार मतदाता (२०७९ वैशाख २९ गते सम्म १८ वर्ष पूरा भएका) मतदान स्थल र मतदान केन्द्र सङ्ख्या



**कर्णाली प्रदेश**

| | |
|---|---|
| पुरुष | ५०६१८० |
| महिला | ४९५०९९ |
| अन्य | ३ |
| जम्मा | १००१२८२ |
| मतदान स्थल | ९०७ |
| मतदान केन्द्र | १३८५ |

**गण्डकी प्रदेश**

| | |
|---|---|
| पुरुष | ८६४४५२ |
| महिला | ९२४९४८ |
| अन्य | ११ |
| जम्मा | १७८९४११ |
| मतदान स्थल | १२५३ |
| मतदान केन्द्र | २३०० |

**बागमती प्रदेश**

| | |
|---|---|
| पुरुष | १७०४८९८ |
| महिला | १७०७९४२ |
| अन्य | २९ |
| जम्मा | ३४१२८६९ |
| मतदान स्थल | १७९२ |
| मतदान केन्द्र | ४०९५ |

**सुदूरपश्चिम प्रदेश**

| | |
|---|---|
| पुरुष | ८००६६२ |
| महिला | ८३१४७० |
| अन्य | १८ |
| जम्मा | १६३२१५० |
| मतदान स्थल | ११३५ |
| मतदान केन्द्र | २१०३ |

**प्रदेश नं. १**

| | |
|---|---|
| पुरुष | १६९९८०० |
| महिला | १६४७५६१ |
| अन्य | २३ |
| जम्मा | ३३४७३८४ |
| मतदान स्थल | १८७७ |
| मतदान केन्द्र | ४०५१ |

**लुम्बिनी प्रदेश**

| | |
|---|---|
| पुरुष | १६१८०७३ |
| महिला | १६०१३५२ |
| अन्य | ३२ |
| जम्मा | ३२१९४५७ |
| मतदान स्थल | १६२९ |
| मतदान केन्द्र | ३८३२ |

**मधेश प्रदेश**

| | |
|---|---|
| पुरुष | १७९७९४५ |
| महिला | १५३३१५८ |
| अन्य | ६७ |
| जम्मा | ३३३११७० |
| मतदान स्थल | २१६३ |
| मतदान केन्द्र | ४१८९ |

# २०७९ वैशाख ३० गते हुने गाउँपालिका वा नगरपालिकाको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र दाखिला गर्दा पेश गर्नुपर्ने कागजातहरु

**क) गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख पदको लागि**

(१) सम्बन्धित स्थानीय तहको कुनै वडाको मतदाता नामावलीमा नाम रहेका एक जना प्रस्तावक र एक जना समर्थक सहित सम्बन्धित उम्मेदवारले सहीछाप गरेको स्थानीय तह निर्वाचन नियमावली, २०७३ को अनुसूची-१ बमोजिमको मनोनयनपत्र ।

(२) उम्मेदवार हुने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(३) उम्मेदवार हुने व्यक्तिको सम्बन्धित गाउँपीलका र नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा निर्वाचन अधिकृतको कार्यालयबाट लिएको मतदाता नामावलीको उतार, मतदाता नामावलीको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि,

(४) स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६३ बमोजिम रु. १,५००।- धरौटी राखेको बैंक भौचर वा नगदी रसिद,
तर महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न व्यक्तिले धरौटी वापत रु. ७५०।- राख्नुपर्ने ।

(५) बुँदा नं. (४) बमोजिम धरौटी छुट पाउनको लागि आर्थिक रुपले विपन्न व्यक्ति भएमा वार्षिक पारिवारिक आय पचास हजार रुपैयाँ भन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले गरेको सिफारिस तथा दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भए सम्बन्धित निकाय वा स्थानीय तहबाट दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको सिफारिस,

(६) दलको उम्मेदवारको हकमा सो दलले प्रदान गरेको स्थानीय तह निर्वाचन नियमावली, २०७३ को अनुसूची-२ बमोजिमको औपचारिक पत्र, (दलको तर्फबाट उम्मेदवारीको औपचारिक पत्र दिन अधिकार पाएको पदाधिकारीले हस्ताक्षर गरेको हुनुपर्ने र सम्बन्धित स्थानीय तहको निर्वाचन अधिकृतलाई सम्बोधन गरेको बोधार्थमा सम्बन्धित उम्मेदवारको नाम लेखिएको हुनुपर्ने)

(७) उम्मेदवारी दिँदा नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्था वा कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा,

(८) स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-१३ बमोजिमको स्वघोषणा

(९) वारिस मार्फत् मनोनयनपत्र दर्ता गराउने भएमा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-१५ बमोजिमको वारिसनामा ।

**ख) गाउँपालिका वा नगरपालिकाको वडा सदस्य पदका लागि**

(१) सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम रहेका एक जना प्रस्तावक र एक जना समर्थकसहित सम्बन्धित उम्मेदवारले सहीछाप गरेको स्थानीय तह निर्वाचन नियमावली, २०७३ को अनुसूची–१ बमोजिमको मनोनयनपत्र ।

(२) उम्मेदवार हुने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(३) उम्मेदवार हुने व्यक्तिको सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा (निर्वाचन अधिकृतको कार्यालयबाट लिएको मतदाता नामावलीको उतार, मतदाता नामावलीको प्रतिलिपि वा मतदाताको परिचयपत्रको प्रतिलिपि),

(४) स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६२ बमोजिम वडा अध्यक्षको लागि रु १,०००।– र वडा सदस्यका लागि रु ५००।– धरौटी राखेको बैंक भौचर वा नगदी रसिद,
तर महिला, दलित वा अल्पसंख्यक समुदाय वा आर्थिकरुपले विपन्न व्यक्तिले धरौटी वापत वडा अध्यक्षको हकमा रु ५००।– र वडा सदस्यको हकमा रु २५०।–राख्नुपर्ने ।

(५) बुँदा नं, (४) बमोजिम धरौटी छुट पाउनका लागि आर्थिकरुपले विपन्न व्यक्ति भएमा वार्षिक पारिवारिक आय पचास हजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले गरेको सिफारिश तथा दलित वा अल्पसंख्यक समुदायको व्यक्ति भए सम्बन्धित निकाय वा स्थानीय तहबाट दलित वा अल्पसंख्यक समुदायको व्यक्ति भएको सिफारिश,

(६) दलको उम्मेदवारको हकमा सो दलले प्रदान गरेको स्थानीय तह निर्वाचन नियमावली, २०७३ को अनुसूची–२ बमोजिमको औपचारिक पत्र,

(७) उम्मेदवारी दिँदा नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदानप्राप्त संस्था वा कुनै स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा,

(८) स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची–१३ बमोजिमको स्वघोषणा,

(९) वारिसमार्फत मनोनयनपत्र दर्ता गराउने भएमा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची–१५ बमोजिमको वारिसनामा ।

(ग) गाउँपालिका वा नगरपालिकाको दलित महिला सदस्यको लागि वडा अध्यक्ष वा वडा सदस्य पदको लागि आवश्यक पर्ने कागजातका अतिरिक्त सम्बन्धित गाउँपालिका वा नगरपालिका वा अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित निस्सा ।

# निर्वाचन आयोगबाट २०७९ वैशाख १० गतेसम्म भएका महत्त्वपूर्ण गतिविधि

१. निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारको मिति २०७८ माघ २४ गतेको निर्णयले २०७९ वैशाख ३० गते शुक्रबारका दिन सबै स्थानीय तहहरूको एकै चरणमा निर्वाचन गर्ने गरी मिति घोषणा भएको ।

२. २०७८ माघ २५ गतेदेखि मतदाता नामावली सङ्कलनको कार्य स्थगित गरिएको ।

३. २०७९ वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पूरा हुने गरी दर्ता भएका सबै मतदाताले मतदानमा भाग लिन पाउने गरी कट अफ डेट तय गरिएको ।

४. स्थानीय तह सदस्य निर्वाचन, २०७९ को लागि २०७८ चैत १३ गते अन्तिम मतदाता नामावली प्रकाशित । सो अनुसार मतदाता संख्या
   - कूल मतदाता संख्या: १,७७,३३,७२३ जना
   - महिला मतदाता संख्या: ८७,४१,५३० जना
   - पुरूष मतदाता संख्या: ८९,९२,०१० जना
   - अन्य: १८३ जना

५. अर्थ मन्त्रालयबाट ८ अर्ब ११ करोड रुपैयाँको बजेट सुनिश्चितता प्राप्त भएको ।

६. स्थानीय तह सदस्य निर्वाचन, २०७९ को प्रयोगजनका लागि दर्ता भएका ७९ दलमध्ये राष्ट्रिय मान्यता प्राप्त नगरेका दलहरूको जिल्लागत संरचनाका आधारमा सम्बन्धित दलहरूकै निर्वाचन चिन्ह प्रदान गरिएको ।

७. स्थानीय तह सदस्य निर्वाचनसँग सम्बन्धित विभिन्न कार्यविधि, निर्देशिकाहरू स्वीकृत गरिएको:
   - स्थानीय तह निर्वाचन निर्देशिका, २०७८
   - स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) २०७८
   - निर्वाचन अनुगमन निर्देशिका, २०७८
   - निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८
   - निर्वाचन सुरक्षा (व्यवस्थापन), २०७८
   - स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८
   - निर्वाचन तालिम निर्देशिका, २०७८
   - निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८
   - स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८
   - स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८
   - निर्वाचन आचारसंहिता, २०७८

८. मतपत्रको छपाई कार्य जनक शिक्षा सामग्री केन्द्रमा शुरू भइसकेको । यस पटक २३ लहर समूहका ७७ प्रकारका करिब १ करोड ९४ लाख मतपत्रको छपाई हुने ।

९. २०७९/०१/१० गतेसम्म ५६ जिल्लाका लागि १ करोड ३६ लाख ८६ हजार मतपत्र छपाई कार्य सम्पन्न ।



१०. टोल फ्रि नम्बर ११०२ कायम गरी कल सेन्टर स्थापना भएको । आमनागरिकका दैनिक ३०० भन्दा बढी जिज्ञासाको समाधान हुने गरेको ।

११. निर्वाचनको पर्यवेक्षण गर्ने संस्था छनोट गरिएको ।

१२. सात वटै प्रदेशमा मिडिया अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।

१३. सबै ७५३ पालिकाहरूका लागि निर्वाचन अधिकृतहरूको तालिम सम्पन्न गरी नियुक्ति समेत भइसकेको ।

१४. सबै निर्वाचन सामग्री खरिदका लागि आपूतिकर्ताहरूसँग सम्झौता गरिसकिएको । प्राय: सबै निर्वाचन सामग्री प्राप्त भइसकेको ।

१५. निर्वाचन सामग्रीहरू जिल्ला पठाउन शुरु । वैशाख १० गतेसम्म ३० वटा जिल्लामा निर्वाचन सामग्री पठाइएको छ ।

१६. मुलुकका ७७ जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय र ६७६ पालिकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना ।

१७. निर्वाचनमा सहयोग, समन्वय र सहजीकरण गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत निर्देशन दिइएको ।

१८. विभिन्न चरणका तालिम, अभिमुखिकरणहरू सञ्चालन भइरहेको ।

१९. आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि सात प्रदेश लगायत देशका विभिन्न १४ जिल्लामा राजनीतिक दल, नागरिक समाज, आमसञ्चार माध्यम लगायतका सरोकारवालाहरूसँग छलफल एवम् अन्तरक्रिया सम्पन्न भएको ।

२०. निर्वाचनलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न आयोगका सहसचिवको संयोजकत्वमा गृह मन्त्रालय, रक्षा मन्त्रालय तथा सुरक्षा निकायका प्रतिनिधिहरूसमेत रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) को गठन ।

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) स्थापना







**काठमाडौं-** निर्वाचन आयोग र सुरक्षा निकायका प्रतिनिधिहरूको प्रतिनिधित्व हुनेगरी आज आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) स्थापना भएको छ। आसन्न स्थानीय तह निर्वाचनलाई व्यवस्थित र प्रभावकारी बनाउन आयोगका सहसचिव तथा प्रवक्ता शालिग्राम शर्मा पौडेलको संयोजकत्वमा केन्द्र स्थापना गरिएको हो।

केन्द्रमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र सुरक्षा निकायका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूको प्रतिनिधित्व रहेको आयोगले जनाएको छ। निर्वाचन आचारसंहिता तथा अन्य गतिविधि सुक्ष्म रुपले अनुगमन तथा मूल्याङ्कन गर्न केन्द्रमा नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरूको प्रतिनिधित्व रहेको छ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले सो केन्द्रको आज उदघाटन गर्नुभयो । सो अवसरमा उहाँले स्थानीय तह निर्वाचनको प्रक्रिया भोलि (आइतबार) देखि शुरु हुन गइरहेकाले केन्द्रलाई जिम्मेवारीपूर्वक काम गर्न निर्देशन दिनुभयो। निर्वाचनमा मुलुक होमिइसकेकाले अब कसैले शंका गर्ने ठाउँ नरहेको भन्नुहुँदै उहाँले निर्वाचन सफल बनाउन सबै पक्षलाई आव्हान गर्नुभयो।

'कहाँ के भइरहेको छ ? सबै गतिविधिको सुक्ष्म ढङ्गले केन्द्रले जानकारी राख्नुपर्छ, समस्या पत्ता लगाएर तत्काल त्यसको समाधानमा आयोग तत्पर रहनेछ' उहाँले भन्नुभयो, 'राजनीतिक दल र उम्मेदवारले आचारसंहिताको पूर्ण पालना गर्नुपर्छ, झण्डा तुल, ब्यानर प्रदर्शन गरेर होइन जनताको मनमा उम्मेदवारहरु बस्नुपर्छ ।' ३x३ फिट साइजको कपडामा बनाईएको दलको झण्डा र सोही नापको चुनाव चिन्ह प्रदर्शन गर्न पाइने उहाँले प्रष्ट पार्नुभयो। देश निर्वाचनमय भएकाले दलका भेला, र्‍याली, आमसभा हुनु स्वभाविक भएपनि आचारसंहिता उल्लङ्घन गर्ने छुट कसैलाई नरहेको उहाँले बताउनुभयो ।

'आजदेखि सबै सुरक्षा संरचना आयोगमा आइपुगेको छ, निर्वाचन व्यवस्थापनका लागि केन्द्रका संयोजकसहित सदस्यहरू निर्वाचनसँगै बस्नुस्, निर्वाचनसँगै खानुस्,

निर्वाचनसँगै सुत्नुस्' प्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, 'निर्वाचनको सन्दर्भमा शंका भन्ने कुरा अब संग्रहालयमा लगेर थन्क्याइदिनुस्, निर्वाचन हुन्छ, रोकिँदैन ।'

केन्द्रका संयोजक तथा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले ऐन, नियम र आयोगले तोकेको कार्यसञ्चालन कार्यविधिअनुसार नै केन्द्रले सबै जिम्मेवारी पूरा गर्ने बताउनुभयो । आयोग निर्वाचनको अन्तिम तयारीमा रहेको जानकारी दिनुहुँदै उहाँले भोलि आइतबारदेखि उम्मेदवारी मनोनयन दर्ता शुरु हुने बताउनुभयो । केन्द्रको मुख्य काम आचारसंहिताको कार्यान्वयन भए नभएको हेर्ने, सुरक्षा व्यवस्था र निर्वाचनसँग सम्बन्धित अन्य गतिविधिबारे जानकारी लिएर कार्यान्वयनका लागि पहल गर्ने रहेको उहाँले जानकारी गराउनुभयो ।

वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयन वैशाख ११ र १२ गते हुँदैछ । निर्वाचन कार्यालय स्थापना गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने तथा जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रमसम्बन्धी प्रगति प्रतिवेदन प्राप्त गरी सचिवालयमार्फत आयोगमा पेश गर्ने केन्द्रको जिम्मेवारी रहेको आयोगले जनाएको छ ।

विभिन्न सुरक्षा निकायसँग समन्वय र सम्पर्क गरी निर्वाचनसम्बन्धी बस्तुस्थिति बुझी सुरक्षा प्रतिवेदनसहित आयोगमा पेश गर्ने, निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषयहरू प्रवक्तामार्फत सबैसामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने जिम्मेवारी पनि केन्द्रको रहेको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायले पेश गरेको समस्या समाधान गर्न आवश्यक व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको संकलन एवम् विश्लेषण, रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा केन्द्रले सुझाव पेश गर्नेछ ।

निर्वाचन व्यवस्थापनसम्बन्धी सूचना संकलन, प्रशोधन, विश्लेषण अद्यावधिक गर्ने तथा दैनिक प्रतिवेदनसम्वन्धी काम केन्द्रले गर्ने छ । केन्द्रले निर्वाचनको काम सम्पन्न भएपछि आयोगसमक्ष अन्तिम प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ ।

**केन्द्रका कामहरू**

क) निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।

ख) आयोगमा रहेका सबै शाखाहरुसँग समन्वय गर्ने ।

ग) जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रमसम्बन्धी प्रगति प्रतिवेदन तुरुन्त प्राप्त गरी सचिवालयमार्फत आयोगमा पेश गर्ने ।

(घ) विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने ।

(ङ) जिल्ला स्तरमा विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी वस्तुस्थिति बुझी सुझावसहित आयोगमा पेश गर्ने ।

(च) निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषयहरू प्रवक्तामार्फत सबैसामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने ।

(छ) निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको संकलन तथा विश्लेषण गरी रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा सुझाव पेश गर्ने ।

(ज) निर्वाचन व्यवस्थापनसम्बन्धी सूचना संकलन, प्रशोधन, विश्लेषण आद्यावधिक गर्ने र दैनिक प्रतिवेदनसम्बन्धी काम गर्ने ।

(झ) कार्य सम्पन्न गरिसकेपछि आयोगसमक्ष अन्तिम प्रतिवेदन पेश गर्ने ।

(ञ) आयोगले तोकेबमोजिम निर्वाचन सञ्चालनसम्बन्धी अन्य काम गर्ने ।

## निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीसम्बन्धी व्यवस्था परिमार्जन

**काठमाडौं-** निर्वाचन आयोगले निर्वाचन अधिकृतको कार्यालयमा र मतगणना टोलीमा रहने कर्मचारीसम्बन्धी व्यवस्थामा परिमार्जन गरेको छ ।

निर्वाचन आयोगले वैशाख ७ गते स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८, स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८, स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ तथा स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८ मा संशोधन गरी निर्वाचन अधिकृतको कार्यालयमा रहने तथा मतगणना टोलीमा रहने कर्मचारीसम्बन्धी व्यवस्थामा परिमार्जन गरेको हो ।

सो संशोधन बमोजिम गरिएको परिमार्जनमा स्थानीय तह निर्वाचन प्रयोजनका लागि मनोनयनपत्र दर्ता गर्ने मितिदेखि मतदानको भोलि सम्म अर्थात वैशाख ११ देखि जेठ १ गतेसम्मका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा एक जना अधिकृतस्तरको कर्मचारी थप हुनेछन् ।

त्यस्तै, निर्वाचन अधिकृतको कार्यालयमा सहायक निर्वाचन अधिकृत नियुक्त गर्दा राजपत्रांकित तृतीय श्रेणी वा अधिकृत आठौं वा सातौं तहको कर्मचारी उपलब्ध नभएमा अधिकृत छैठौं तहको कर्मचारीलाई समेत नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ । सोहीअनुसार निर्वाचन अधिकृतको कार्यालयमा लेखापाल वा सहलेखापाल नियुक्त गर्दा राजपत्र अनंकित प्रथम वा द्वितीय वा सहायकस्तर पाँचौ वा चौथो तहको कर्मचारीलाई नियुक्त गर्न सकिने र सो श्रेणी वा तहको कर्मचारी उपलब्ध नभएमा माथिल्लो श्रेणी वा तहको लेखासम्बन्धी काम गर्ने कर्मचारीलाई समेत नियुक्त गर्न सकिने व्यवस्था छ ।

सोहीअनुसार प्रत्येक मतगणना टोलीमा गणकको रुपमा थप एक जना सहायक कर्मचारी रहनेछन् । आधिकारिक ट्रेड युनियन वा अन्य ट्रेड युनियनको कुनै पनि तहको कार्य समितिका पदाधिकारी वा सदस्यलाई निर्वाचनसम्बन्धी काममा लगाउन पाइने छैन ।

# उदयपुरमा निर्वाचन तयारी तीव्र



**उदयपुर–**आसन्न स्थानीय तहको निर्वाचनको तयारीका क्रममा उदयपुर जिल्ला र सात वटै पालिकास्तरमा तयारी तीव्र भएको छ ।

जिल्ला निर्वाचन कार्यालयले नियमित कार्ययोजना तयार गरी सम्बन्धित निकाय र पक्षसँग अन्तर्क्रिया र सम्पर्क विस्तार गरी गतिविधि अघि बढाएको छ । तयारीका क्रममा आज मुख्य निर्वाचन अधिकृतको कार्यालयले सर्वदलीय बैठक गरेर निर्वाचन कार्यक्रमबारे बैठक आयोजना गरेको छ ।

सोही क्रममा यही वैशाख ५ गते जिल्ला निर्वाचन अधिकारी खेमराज कोइरालाले जिल्लास्थित कार्यालयका प्रमुखहरूसँग निर्वाचन आचारसंहितालगायत विषयमा प्रस्तुति र अन्तर्क्रिया तथा ६ गते जिल्लास्थित राजनीतिक दल, आधिकारिक ट्रेड युनियन, राष्ट्रियस्तरका ट्रेड युनियन, शिक्षक संगठनका प्रतिनिधिसँग प्रस्तुति र छलफल गर्नुभएको छ ।

यी कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादव, मुख्य निर्वाचन अधिकृत दिपक खनाल, निर्वाचन अधिकृतहरु, पालिकाहरुका प्रशासकीय अधिकृतहरू र सुरक्षा निकायका प्रतिनिधिलगायतलगायतको सहभागिता थियो ।

जिल्लामा निर्वाचन आचारसंहिताका सवालमा वैशाख ७ गते सञ्चारकर्मीसँग अन्तर्क्रियता हुनाका साथै मतदानस्थलको अनुगमन गरिएको छ । वैशाख ८ गते आठ वटै पालिकामा निर्वाचन कार्यालय स्थापना भएको छ भने ९ गते ती कार्यालयका कम्प्युटर अपरेटरलाई आइइआइएमएस तालिम दिएको जिल्ला निर्वाचन प्रमुख कोइरालाले जानकारी दिनुभयो ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचनसम्बन्धी आधिकारिक जानकारी तथा सूचनाका लागि निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल फलो गर्नुहोला ।

**इ-बुलेटिन प्रकाशन समिति**

संरक्षक : **गोकर्णमणि दुवाडी,** सचिव

**शालिग्राम शर्मा पौडेल**, सहसचिव- संयोजक

**कमल भट्टराई,** उपसचिव- सदस्य,

**राजन नेपाल**- सदस्य, **प्रकाश सिलवाल**- सदस्य, **लोकबहादुर चौधरी**- सदस्य,

**श्रवणकुमार लुइटेल**- सदस्य सचिव

**टोल फ्री नं.:** ११०२ **फोन नं.:** ०१-५३२८६६३, **फ्याक्स:** ०१-५३२९२२७, **इमेल:** info@election.gov.np, **वेबसाइट:** www.election.gov.np